जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बाग्लुङ।
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

# सुचना !!! सुचना !!! सुचना !!!

## कृषि कार्यक्रम संचालनका लागि प्रस्ताव पेश सम्बन्धी सुचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७९/०९/१३)**

जैमिनी नगरपालिका कृषि शाखाको आ.व. २०७९/०८० को नगरविकास योजना तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु "कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९" अनुसार लागत साझेदारीमा संचालन गर्नुपर्ने भएकोले मिति २०७९/०९/१३ देखि २०७९/०९/२७ गते सम्म इच्छुक कृषक/कृषक समुह/व्यवसायिक फर्म/समिति/कृषक सहकारी संस्थाको तर्फबाट दरखास्त आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले तपशिलका कागजात सहित बढिमा १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन/प्रस्ताव सम्वन्धित वडा कार्यालय तथा कृषि शाखा कार्यालयमा रितपुर्वक पेश गर्नुहुन अनुरोध छ ।

तपशिल

| क स | कार्यक्रम विवरण | विनियोजित बजेट | मापदण्ड | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | **आलुबाली विकास कार्यक्रम** | ३,००,००० ।- | कृषक समूह र सहकारीको हकमा कम्तीमा २० रोपनी (एउटै क्लष्टर) र व्यक्तिको हकमा कम्तिमा ५ रोपनी क्षेत्रफल (एउटै क्लष्टर) मा खेती गर्नुपर्ने । | बीउ तथा मेशिनरीमा ५० प्रतिशत र सिँचाइको हकमा ८५ प्रतिशत नबढ्ने गरी अनुदान । | |
| २. | **तरकारी खेती तथा तरकारी बीउ उत्पादन** | २,५०,००० ।- | कृषक समूह, कृषि सहकारीको हकमा कम्तिमा ३ रोपनी र व्यक्तिगत फर्मको हकमा कम्तिमा १ रोपनी जग्गामा तरकारी विउ रायो,मुला आदि उत्पादन गर्नुपर्ने । | मूल विउ र उन्नत विउ ५० प्रतिशत | |
| ३. | **मसला बाली विकास कार्यक्रम** | ४,००,००० ।- | कृषि समूह,सहकारीको हकमा न्यूनतम ५ रोपनी र व्यक्तिको हकमा कम्तिमा न्यूनतम २ रोपनी जग्गामा अदुवा ,बेसार, | निशुल्क वितरण | |

जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बाग्लुङ।
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बाँझो जग्गालाई प्रथामिकता दिइनेछ। | | |

**आवश्यक पर्ने कागजातहरु**

१. अनुसूची २ बमोजिमको आवेदन फारम।
२. अनुसूची ३ बमोजिमको प्रस्ताव फारम।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
४. स्थानिय तह वा सम्बन्धित निकायमा कृषक/कृषक समुह/व्यवसायिक फर्म/समिति/कृषक सहकारी दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित)।
५. भ्याट प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी, गत आ.व. को अन्तरिक लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
६. सम्बन्धित वडाको सिफारिस।
७. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडामा भए सम्झौता पत्र, जग्गाधनीको नागरिकता र जग्गाधनी लालपुर्जा आदि) का प्रतिलिपिहरु।
८. समूह सहकारीको हकमा समुह, समितिको निर्णयको प्रतिलिपी।

नोट : कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७९ जैमिनी नगरपालिकाको वेवसाइटमा हेर्न सकिनेछ। थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा कृषि तथा पशु शाखा कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका